# जनज्ञानकुञ्ज क्याम्पस

## दर्शेरा,जाजरकोट

स्था. २०६९

**वार्षिक प्रगति प्रतिवेदन**

**प्रतिवेदन प्रकाशित मिति : २०८२/०५/२७**

**२०८१/०८२**

# <u>प्रतिवेदन नीर्माण समूह</u>

१.कर्णबहादुर थापा
२.महेन्द्रबहादुर थापा
३.लोक बहादुर बुढा

क्याम्पस सञ्चालक समितिवाट पारित मिति: २०८२/०५/२५

# सारांस(Executive Summary)

त्रिभुवन विश्वविद्यालयवाट सम्वन्धन प्राप्त गरि वि.स. २०६९ सालमा स्थापना भएको यस जनज्ञानकुन्ज क्याम्पस मा २०७५ सलको अन्त्यसम्ममा चार वर्षे वि.एड. कार्यक्रमको बिभिन्न विषयहरुमा पठन पाठन सञ्चालन भैरहेका छन् । यस क्याम्पसमा २०७५ सालमा प्रथम, द्वितीय, तृतिय र चतुर्थ वर्षमा जम्मा ७५७ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् । भौतिक सुबिधा तर्फ हेर्दा क्याम्पसको आफ्नै ६ रोपनी क्षेत्रफलको जग्गारहेको छ । पक्की ४ भवनहरुमा पठनपाठन तथा प्रशासनिक कार्यहरु सञ्चालन भैरहेका छन। क्याम्पसमा ब्याडमिन्टन खेल मैदान, शौचालयहरु, शुद्ध खानेपानीको धारा रहनुका साथै क्याम्पसको वातावरणले मनोरम वनाउने काम गरिरहेको छ ।

शैक्षणिक सामग्रीतर्फ हेर्ने हो भने क्याम्पसले लेक्चर मेथडलाई मूख्य शिक्षण बिधिको रुपमा अपनाएको पाइन्छ । शैक्षिक सामग्रीको रुपमा विभिन्न विषयका विषगत पाठ्यसामग्रीहरु उपलब्ध रहेको देखिए पनि शैक्षिक सामग्रीहरुको अपर्याप्तता नै देखिन्छ ।

आ.व. २०७६/०७७ मा रु.११४११४६०।०० आम्दानी देखिएको छ भने रु. ३९७४९२८।७५ खर्च भएको देखिन्छ । आ.व. ०७६/७७ मा बैङ्क मौजदात रु.८०१२०३७।०० रहेको देखिन्छ जुन गत आ.व.को तुलनामा वढि हो ।छात्रवृति तर्फ आ.व. ०७४/७५ मा रु.५००००।०० वितरण भएकोमा आ.व. २०७६/७७मा रु.६००००।००वितरण गरिएको छ । छात्रवृतिवितरणवाट आर्थिक सामाजिक रुपले पछाडी परेका समुदायका छात्रछत्राहरुलाई शिक्षाको पहुँचमा ल्याउन सहयोगपुगेको देखिन्छ ।

क्याम्पस र समुदायको समबन्ध बढाउने सवालमा क्याम्पसले समाजमा बिशेष योगदान दिएका शिक्षाविद्,बुद्धिजिबी,समाजसेवी,तथा सरोकारवालाहरुको सहभागितामा क्याम्पस सभा मार्फत क्याम्पस सञ्चालक समिति गठन गरि अगाडि बढिरहेको छ । क्याम्पसले हालसम्म करिव ९५१ को सङ्ख्यामा उच्च शैक्षिक जनशक्तिहरु उत्पदन गरिसकेको छ । उक्त जनशक्तिले राज्यका बिभिन्न तहमा रहि बिशेष योगदान पुचाइरहेको पाइन्छ ।

यस क्याम्पसले बिगतदेखी हालसम्म आर्थिक समस्यालाई प्रमुख समस्याको रुपमा भोग्दै आएको छ भने विद्यार्थी भर्ना,शिक्षाको गुणस्तर,शिक्षकहरुकोपेसागत विकास यस क्याम्पसका अन्य प्रमुख मुद्दाका रुपमा उठ्ने गरेका छन । यी र यस्ता समस्याहरुलाई समाधान गर्न बिद्यार्थी भर्ना सम्बन्धि नीति बनाइ अगाडि बढ्नुपर्ने,शैक्षिक योजनाहरुको निर्माण गरि काम थाल्नुपर्ने,शिक्षण सिकाइलाई प्रभाबकारी वनाउन कदम चाल्नुपर्ने,शिक्षकहरुको पेशागत क्षमता बढाउन तालिम,गोष्ठी,सभा, सम्मेलन,अन्तरक्रियाजस्ता कार्यक्रमहरु कार्यान्वायनमा ल्याउनुपर्ने देखिन्छ । त्यस्तै अनुसन्धानमूलक कार्यक्रमहरु सञ्चालनका साथै परीक्षा तथा मूल्याङ्कन कार्यलाई ब्यवस्थित बनाउन जरुरी देखिन्छ । साथै क्याम्पसमा देखिएका समस्या र चुनौतिहरुलाई संवोधन गर्न एक्सन प्लान बनाई कार्य गर्नुपर्ने देखिन्छ ।

# विषय सूची (**Table of Contents**)

**क.स. विषयबस्तु**

**१.पृष्ठभूमी**

**२. शैक्षिक प्रगति**

२.१ अन्तिम तीन बर्षको विद्यार्थी भर्ना विवरणको विश्लेषण

२.२ अन्तिम तीन बर्षको बिद्यार्थी उत्तीर्ण दर विवरणको विश्लेषण

२.३ अन्तिम तीन बर्षको ग्राजुयट विवरणको विश्लेषण

२.४ सञ्चालित कार्यक्रम

२.५ शैक्षणिक बिधि

३. **भौतिक प्रगति**

३.१ विकासका पूर्वाधारहरु

३.२ शैक्षणिक सामग्रीहरु

४. **आर्थिक प्रगति**

४.१ अन्तिम तीन वर्षको आर्थिक स्रोत र आय व्ययको विश्लेषण

४.२ अन्तिम तीन वर्षको खर्च विवरणको विश्लेषण

४.३ पुँजीगत खर्च विवरण

४.४ आर्थिक प्रतिबेदनको पुनरावलोकन /गत आ.व. को लेखा परीक्षणवाट प्राप्त सुझाबहरु समाधान गर्न चालिएका कदमहरु

**५. सामाजिक प्रगति**

५.१ सामाजिक कार्यमा क्याम्पसको सहभागिता

५.२ क्याम्पसको लागी समाजको योगदान

५.३ सामाजिक योगदानमा क्याम्पसको योजना

५.४ समाजको सहभागिता बढाउन क्याम्पसको योजना

**६. समस्या र चुनौतीहरु**

**६.१** अल्पकालीन

६.२ दिर्घकालीन

६.३ समस्या समाधानका लागी चालिने उपायाहरु र चुनौतिहरुको प्राप्ति

६.४ समस्या र चुनौतीहरुलाई सम्वोधन गर्न चालिने योजना

७. वार्षिक कार्ययोजना तथा चालु आ.व.को अनुमानित आम्दानी र खर्च विश्लेषण तथा रणनीतिक योजनासंग आवद्धता

## १. पृष्ठभूमी(Background)

नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको सिफारिस वमोजिम उच्च शिक्षाको योजनागत विकास अर्न्तगत वि.स.२०१६ मा त्रि.वि.को स्थापना भयो । वि.स. २०२८ सालदेखी त्रि.वि.ले क्याम्पसहरुको प्रशासनिक र आर्थिक उत्तरदायित्व वेहोर्ने गरि आंगिक क्याम्पसको रुपरेखा तयार गरेको देखिन्छ । वि.स.२०३७ सालदेखी त्रि.वि. ले निजी स्तरमा क्याम्पसलाई सम्बन्धन दिन थालेतापनि २०६९ सालमा आएर मात्र यस जिल्लाका अगुवा नेता,शिक्षाप्रेमी, समाजसेवी तथा बुद्धिजिवीहरुको भेलावाट जाजरकोटमा जनज्ञानकुन्ज क्याम्पस नाम राखी त्रिभुवन विश्वविद्यालयवाट सम्वन्धन प्राप्त गरि क्याम्पस सञ्चालन गर्ने निर्णय भयो । यसै क्रममा वि.स. २०६९ साल असार ३१ गते त्रि.वि.बाट जनज्ञानकुन्ज क्याम्पस,दशेराको नाममा अस्थायी सम्बन्धन प्राप्त भयो । त्यसपछि २०६९ साल मंसिर महिनावाट हालको जनप्रिय मा.वि. को भबनमा शिक्षाशास्त्र संकाय तर्फ स्नातक तहको पठनपाठन प्रारम्भ भयो ।

वि.स. २०६९ सालमा जाजरकोट जिल्लाका अगुवा नेता,शिक्षाप्रेमी,बुद्धिजिवीहरुको संयुक्त प्रयासमा शुरु गरिएको यस सिस्ने शिक्षा क्याम्पस हाल आफ्नै भबन र जग्गामा शिक्षाशास्त्र संकायमा पढाइ हुने देशको विकट जिल्ला जाजरकोट पश्चिमको मुटुमा रहेको सबैभन्दा पूरानो उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाको रुपमा परिचित रहेको छ । यस क्याम्पसले बिभिन्न आरोह अबरोहहरु पार गर्दै यहासम्म आइपुग्दा जाजरकोट जिल्लामै आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको छ। वि.सं. २०७९ सालमा उच्च स्तरीय जनशक्ति उत्पादन गर्ने उद्देश्यले त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिएर स्नातकोत्तर तह, शिक्षाशास्त्र संकाय (एम.एड.) मा पठन पाठन संचालन गरिएको छ । त्रि.वि.ले नेपाली शिक्षा र शैक्षिक योजना तथा व्यवस्थापन विषयमा स्नातकोत्तर तहमा पठन पाठन अनुमति दिएकोमा जम्मा ८६ जनाले इन्ट्रान्स परीक्षामा सहभागिता जनाएको र सत्रांत परीक्षामा ६१ जना उपस्थित भएका थिए ।

यो क्याम्पस त्रि.वि. बाट २०६९ सालमा सम्बन्धन प्राप्त गरेदेखी विभिन्न शैक्षिक तथा भौतिक विकासका कार्यहरु सुचारु हुदै आइरहेका छन् । जिल्लास्थित शिक्षाप्रेमी,समाजसेवी,अग्रज महानुभावहरुको सक्रियतामा क्याम्पसको समग्र शैक्षिक,प्राज्ञिक तथा भौतिक र आर्थिक क्षेत्रमा उल्लेखनीय प्रगति भइरहेको छ । हाल यस क्याम्पसमा सबै बिषयका क्षमतावानबिषयगत प्रध्यापकहरुको ब्यबस्था गरिएको छ । यहाँ विद्यमान रहेको विद्यार्थीको चाप र जनशक्तिका लागि आवस्यक पुस्तकालय,खेलमैदान,खेलकुद सामग्री,आधुनिक शौचालय,क्याम्पसलाई पुग्ने पर्याप्त जग्गा,पर्खाल, गेट,विभिन्न प्रकारका छात्रवृत्ति,तारबार,प्राध्यापक आवास गृह लगायतका सेवा सुविधाहरुको विकास गनुपर्ने आवश्यकता रहेको छ । यस क्याम्पसमा निकट भविश्यमै व्यवस्थापन संकाय र प्राविधिक तर्फ केहि विषयहरु थप गरि नयाँ विषयहरुमा पठन पाठन गर्ने योजना रहेको छ।

**२. शैक्षिक प्रगतिः**

**२.४ सञ्चालित शैक्षिक कार्यक्रमः**

क्याम्पसमा सञ्चालित तह, कार्यक्रम र विषयहरु :

| तह | कार्यक्रम | सम्बन्ध दिने विश्वविद्यालय | स्वीकृति मिति | कक्षा सचालन |
|---|---|---|---|---|
| स्नातक | वि.एड. | त्रिभुवन विश्वविद्यालय | २०६९/०३/३१ | २०६९/०६/१० |
| स्नातकोत्तर | एम.एड. | त्रिभुवन विश्वविद्यालय | २०७९/०८/१६ | २०७९/१०/२५ |

क्याम्पस स्थापनाको ११ वर्षमा यस क्याम्पसले शिक्षा क्षेत्रमा अतुलनीय प्रगति हासिल गरेको छ । क्याम्पसले आफ्नो स्थापना कालदेखी हालसम्म निरन्तररुपले उच्च शिक्षामा शैक्षिक उन्नतीका कार्यक्रमहरु सञ्चालन गरी उपलब्धिमूलक नतिजा हासिल गरेको छ । स्नातक तहमा दक्ष जनशक्ति उत्पादन गरि लोकसेवा आयोग,शिक्षक सेवा आयोग तथा अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुमा यस क्याम्पसवाट उत्पादित जनशक्ति कार्यरत रहेका छन् ।

## २.१ अन्तिम तीन वर्षको विद्यार्थी भर्ना विवरणको विश्लेषण:

जनज्ञानकुन्ज क्याम्पसमा वि.स. २०७९, २०८० र २०८१ सालमा भर्ना भएर पठनपाठमा सहभागि विद्यार्थीहरुको सङ्ख्यालाई तलको तालिकामा निम्नानुसार राखिएको छः

तालिका न. १. अन्तिम तीन वर्षको विद्यार्थी भर्ना विवरण:

| कार्यक्रम | बर्ष | २०७९ | | | २०८० | | | २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Female | Educationally Disadvantaged | Total | Female | Educationally Disadvantaged | Total | Female | Educationally Disadvantaged | Total |
| वि.एड ४ बर्षे. | पहिलो | १३० | १६ | २६६ | २०५ | २४ | ४३० | | | |
| | दोस्रो | २१९ | २१ | ४१५ | ८७ | १४ | २०४ | | | |
| | तेस्रो | १०८ | १४ | २२९ | ८७ | ११ | २०२ | | | |
| | चौथो | ९० | १५ | १६८ | ७३ | २४ | १३६ | | | |
| | जम्मा | ५४७ | ६६ | १०७८ | ४५२ | ७३ | ९७२ | | | |

गत वर्षहरुको तुलनामा यस वर्ष विद्यार्थी भर्नामा वृद्धि हुन गएको देखाउदछ । महिला तथा शैक्षिक अवसरवाट वन्चित रहेका दलित तथा जनजातिको संख्यामा समेत विगतको तुलनामा भर्ना दरमा उल्लेखय सुधार भएको देखाउदछ ।

## २.अन्तिम तीन बर्षको बिद्यार्थी उत्तीर्ण दर विवरणको बिश्लेषण:

तालिका नं. २ अन्तिम तीन वर्षको नियमित समूह तर्फका विद्यार्थीहरुको उत्तीर्ण दर विवरण:

| कार्यक्रम | बर्ष | २०७९ | | | २०८० | | | २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Female | Educationally Disadvantage | Total | Female | Educationally Disadvantaged | Total | Female | Educationally Disadvantaged | Total |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वि.एड ४ बर्षे. | पहिलो | २१ | ३ | ४४ | २७ | ४ | ८८ | ३२ | ५ | ८७ |
| | दोस्रो | ७७ | ७ | १२९ | २९ | ७ | ७२ | | | Not Pub. |
| | तेस्रो | २५ | ४ | ४३ | २३ | ५ | ८७ | | | Not Pub. |
| | चौथो | १३ | ६ | २९ | ६५ | ७ | १०७ | | | Not Pub. |
| | जम्मा | १३६ | २० | २४५ | ६५ | ७ | १०७ | | | |

प्रस्तुत तथ्याङ्कवाट अघिल्ला दुइ वर्षको तुलनामा गत वर्ष विद्यार्थी उत्तिर्ण दर केही वृद्धि हुन पुगेको देखिन्छ। यसले शैक्षिक सुधारका सम्भावनाहरुलाई प्रष्ट्याउदछ।

### २.३ अन्तिम तीन वर्षको ग्राजुयट विवरणको विश्लेषण:-

यस क्याम्पसमा अध्यन गरी विगत तीन वर्षमा वि.एड. तह उर्त्तीर्ण गरेका विद्यार्थीहरुको विवरण तलको तालिकामा निम्नासुर राखिएको छ।

तालिका नं. ३ अन्तिमम तीन वर्षको ग्राजुयट विद्यार्थीहरुको विवरण:

| कार्यक्रम | बर्ष | २०७९ | | | २०८० | | | २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Female | Educationally Disadvantage | Total | Female | Educationally Disadvantaged | Total | Female | Educationally Disadvantaged | Total |
| वि.एड. ४ बर्षे. | 1st,2nd, 3rd & 4th | १२ | ५ | ३३ | ६५ | ६ | १०७ | ३७ | २१ | १०२ |
| | जम्मा | १२ | ५ | ३३ | ६५ | ६ | १०७ | ३७ | २१ | १०२ |

प्रस्तुत तथ्याङ्कवाट समेत अघिल्ला दुइ वर्षको तुलनामा गत वर्ष विद्यार्थी ग्राजुयट दर क्रमिक रुपले वृद्धि हुन पुगेको देखिन्छ। तर २०७८, २०७९ र २०८० सालमा अघिल्लो वर्षको तुलनामा ग्राजुयट दरमा केही कमि आए तापनि गत वर्षको नतिजाले सुधार उन्मुख अवस्था रहेको देखाउदछ।

### २.५ शैक्षणिक विधि:

शिक्षण एक जटिल र चुनौतिपूर्ण कार्य हो। शिक्षण सिकाईमा प्रयोग गरिने विधि प्रविधिले शिक्षण सिकाइको प्रभावकारीता निर्धारण हुन्छ। यस क्याम्पसले विगतदेखि हालसम्मको कालखण्ड पार गर्दा विविध खालका शिक्षण विधि,शैली,पद्वति अपनाई शैक्षणिक क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ। शिक्षण सिकाइमा प्रयोग हुने विविध विधिहरुमा सोधपुछ विधि,सानो परियोजना विधि, शौक्षिक भ्रमण विधि, समस्या समाधान विधि,अन्वेषन विधि,लेक्चर मेथड,प्रर्दशन विधि,छलफल आदि मध्ये यस क्याम्पसले लेक्चर मेथड र

छलफल विधिलाई नै बढि मात्रामा प्रयोग गर्ने गरेको छ । शिक्षण सिकाई को विषयगत शिक्षणमा सैद्धान्तिक शिक्षणको विरुद्धमा प्राक्टिकल कार्यमा केहि प्रोजेक्ट वर्कको रुपमा अनुसन्धान कार्य सञ्चालमा आएको पाइन्छ ।

शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन सभा,गोष्ठि,स्ट्रमिङ,टिम टिचिङ्ग,सिप्पोजियम,प्रोजेक्ट वर्क जस्ता शिक्षण सिकाइका विधि तथा शैलीहरु भविष्यमा यस क्याम्पसले आफ्नो शिक्षण सिकाइमा प्रयोगमा ल्याउन अपरिहार्य देखिन्छ । यस्तै अनुसन्धानमूलक कार्य,सोध कार्य तथा परियोजना विधिवाट अध्ययन,समस्या समाधान,लाईव्रेरी, प्रयोशाला विधिहरुको प्रयोगमा बिशेष जोड दिन जरुरी छ,जुन हालसम्म प्रभावकारी रुपमा प्रयोगमा आउन सकेको छैन् । क्याम्पसले त्रि.वि.कार्यक्रमसंग मेल खाने वार्षिक कार्यपात्रोको निर्माण र प्रयोग, वार्षिक मासिक र दैनिक शैक्षिक योजना निर्माण गरि शिक्षण सिकाइलाई व्यवस्थित बनाउन अपरिहार्य छ । शिक्षण सिकाइमा आधुनिक शैक्षणिक सामग्रीहरु,प्रोजेक्टर,फिल्म स्ट्रीप,स्लाइड आदिको प्रयोग अति जरुरी देखिन्छ । त्यस्तै अभिमुखिकरण कार्यक्रम,माईक्रो टिचिङ्ग,योजनावद्व शिक्षण,शिक्षण नमुनाको प्रयोग,शिक्षण तालिमलाई पनि शिक्षण सिकाई विधिको रुपमा लागु गर्न सके शिक्षण सिकाई अझ प्रभावकारी हुने देखिन्छ । समग्रमा भन्दा यस क्याम्पसले हालसम्म प्रयोगमा ल्याएका विधि,प्रविधिहरु, अपर्याप्त छन् । शिक्षण सिकाइलाई थप प्रभावकारी वनाउन आधुनिक विधिहरुको प्रयोगमा जोड दिई शैक्षणिक गुणस्तर कायम गर्नुपर्ने र दक्ष एवं योग्य जनशक्ति उत्पादनमा जोड दिनुपर्ने देखिन्छ ।

### ३. भौतिक प्रगतिः

शैक्षणिक कार्यक्रम र क्रियाकलापहरुमा सरलता र सुगमता ल्याउन भौतिक स्रोत, शाधन र सामग्रीको उलेख्य भुमिका रहेको हुन्छ । शैक्षिक क्रियाकलापलाई नियमित,ब्यवस्तित र सुचारु गराउन आवश्यक पर्ने भौतिक व्यवस्थापनको प्रयोगलाई उचित र उपयुक्त रुपमा त्यसको प्रयोग ,परिचालन,सदुपयोग र संरक्षणलाई पनि ख्याल गर्नुपर्ने हुन्छ । शैक्षिक व्यवस्थापनको मुख्य कसी नै भौतिक पक्ष भएकोले शैक्षिक कार्यक्रम र क्रियाकलापको लागी आवश्यक पर्ने भवन,कक्षा कोठा, खेलमैदान,शौचालय,विद्यालय,क्यान्टिन,स्वच्छ पिउने पानीको ब्यवस्था, पुस्तकालय, प्रयोगशाला,बगैंचा,स्वस्थकर वातावरण आदिको प्रर्याप्त रुपमा व्यवस्थापन मिलाउनुपर्ने हुन्छ । शैक्षिक विकासको मूख्य आधारशिला नै भौतिक विकास भएकोले शैक्षिक संस्थाको भौतिक विकासविना त्यहाँ हुने शैक्षिक गतिविधिहरुमा सुगमता ल्याउन सकिदैन । अतः संस्थाको शैक्षिक विकासको लागी भौतिक साधन स्रोत र सामग्रीको जीवन्त रुपमा अभाव र खाँचो खड्किरहन सक्छ ।

### ३.१ विकासका पूर्वाधारहरुः

शैक्षिक तथा संस्थागत विकासका लागी भौतिक रुपमा स्रोत साधन र सामग्रीहरु खरिद गर्ने,निर्माण गर्ने,मर्मत सम्भार गर्ने, संरक्षण र विकास गर्नको लागी यस सिस्ने शिक्षा क्याम्पस रुकुमकोटले विगतदेखी नै समय सापेक्ष रुपमा त्यसको विकास तथा विस्तार गरिरहेको छ । भौतिक रुपमा जिल्लाको उत्कृष्ट शैक्षिक संस्थाको रुपमा पहिचान बनााएको यस क्याम्पसमा देहाय बमोजिमका भौतिक विकासको पूर्वाधारहरु रहेका छन् ।

१ .८ कोठाको दुई तलाका दुई तले पक्कि भवन

२.४ कोठाको दुई ओटा पक्कि भवन

३. एउटै कमपाउण्ड भित्र ब्याडमेण्टन र भलिबल खेलहरु खेल्ने खेल मैदान

५. वाचनालय तथा पुस्कालय

६. शुद्ध पिउने पानीको ब्यबस्था

७. शौचालय

३.२ शैक्षणिक सामग्रीहरुः

शैक्षिक विकास व्यवस्थापनका लागी महत्वपूर्ण पक्ष शैक्षिक सामग्री हो । यस संस्थाभित्र हालसम्म भएका शैक्षिक सामग्रीहरु निम्नानुसार रहेका छन् ।

१. सूचना,सञ्चार र प्रविधिलाई व्यवस्थित बनाउन १५ ओटा कम्प्युटर सहितको एउटा कम्प्युटर ल्याव तथा , कार्यालय प्रयोजनका लागी कम्प्युटर, फोटोकपी मेसिन, प्रीन्टर,प्रोजेक्टर,इन्टरनेट रहेको एउटा कक्ष रहेको छ ।

२. जर्नल, सर्न्दभ पुस्तक सहित करिव २५०० प्रति पुस्तकहरु ।

३. शैक्षिक क्रियाकलाप व्यवस्थापनका लागि १० वटा कक्षा कोठाहरुमा जम्मा २५० सेट डेस्क बेञ्चहरु र प्रत्येक कक्षाकोठाहरुमा ह्वाइटवोर्डहरु रहेका छन् ।

## ४. आर्थिक प्रगतिः

यस क्याम्पसको आर्थिक पक्षलाई चर्चा गर्नुपर्दा स्थापनाकालदेखी नै यस क्याम्पसमा विद्यार्थीवाट उठ्ने शुल्क नै आयको मूल श्रोतको रुपमा रहेको पाइन्छ । विश्वविद्यालय अनुदान आयोगवाट प्राप्त हुने नियमित तथा भौतिक निर्माण अनुदान र स्थानिय तहवाट प्राप्त हुने अनुदानको क्यामपसको नियमित वाहेका पुजिगत खर्च व्यवस्थापनमा उल्लेख्य योगदान रहेको पाइन्छ ।बिगत तीन वर्षको आय व्यको विवरणवाट पनित्यहि कुरा झल्किन्छ ।

### ४.१ अन्तिम तीन वर्षको आर्थिक स्रोत र आय व्ययको विवरणः

गत तीन वर्षको तथ्याङ्क अनुसार यस क्याम्पसका मूख्य आयस्रोतका क्षेत्रहरु विद्यार्थी शुल्क, विश्वविद्यालयवाट प्रप्त अनुदान र अन्य स्रोतवाट प्राप्त आयहरु निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. ५ गत तीन वर्षको आम्दानी विवरण

| सि .नं. | आय श्रोतका क्षेत्र | आ.व.०७९/०८० | आव ०८०/८१ | आव ०८१/८२ |
|---|---|---|---|---|
| १. | शुल्क | १६६०६०००।०० | १९४०८००० | |
| ३. | वि.वि.अ.आ. अनुदान | ३७५००००।०० | ३०२७१०० | |
| ४. | न..पा. अनुदान | | | |

| | | | | |
|---|---|---|---|---|
| ०५. | प्रदेश अनुदान | | | |
| ६ | बैंक तथा नगद मौज्जात | १३२५१६००।३७ | १४७७८२६३।३७ | |
| कुल जम्मा रु. | | ३३६०७६००।३७ | ३७२१३३६३।३७ | |

गत आ.व.मा विद्यार्थीहरुको संख्यामा आएको वृद्धिका कारण आम्दानी वढेको देखिन्छ । साथसाथै विभिन्न निकायहरुवाट प्राप्त हुने अनुदानमा समेत वृद्धि भएकाले तिन ओटै आ.व.को आम्दानीमा क्रमिक सुधार भएको देखिन्छ ।

### ४.२ अन्तिम तीन वर्षको खर्च विवरण:

गत तीन आर्थिक वर्षमा यस क्याम्पसमा भएको खर्च विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.६ अन्तिम तीन वर्षको खर्च विवरण:**

| १. | खर्च विवरण | आव ०७९/८० | आव ०८०/८१ | आव ०८१/८२ |
|---|---|---|---|---|
| २. | तलब भत्ता | ३०१४६३८।०० | ४३३६६५७।०० | |
| ३. | निर्माण तथा मर्मत | ३५०००००।०० | ९००००।०० | |
| ४. | शिक्षण सामग्री | १२०००० | ७९०००।०० | |
| ५. | नवीकरण र चन्दा | २७०००।०० | ६५०००।०० | |
| ६. | मसलन्द | ७००००।०० | ७००००।०० | |
| ६. | परीक्षा खर्च | ३७७०००।०० | ६५७३०४।०० | |
| ७. | व्यवस्थापन तथा योजना | ६८५०००।०० | | |
| ८. | उपकरण खरिद | | | |
| ९. | कार्यालय सामग्री | ७००००।०० | | |
| १०. | लेखापरीक्षण | ३५०००।०० | ३५०००।०० | |
| ११. | विविध | | १०६५६५०।०० | |
| १२. | सेवा शुल्क | २६९५००।०० | १३५८००।०० | |
| १३ | त्रि.वि.शुल्क | १२७००००।०० | ६२७०००।०० | |
| | कुल जम्मा रु. | ९३३१३८।०० | ७१६१४११।०० | |

अघिल्ला आर्थिक वर्षहरुको तुलनामा गत आ.व.मा आम्दानी वढेको छ भने खर्चमा समेत वृद्धि भएको देखिन्छ । तर आयको तुलनामा खर्च कम हुन गएकाले वचतमा वृद्धि हुन गएको देखिन्छ । खर्चमा मितब्ययिता अपनाइएका कारण वचत वढन गएको देखिन आउदछ । गत आ.व.मा पुजिगत खर्चमा वढोत्तरी भएको देखिन्छ । यसवाट क्याम्पसको शैक्षिक तथा भौतिक विकासमा टेवा पुग्ने देखिनुका साथै संस्थाको पुजी निर्माणमा योगदान पुग्ने सम्भावना रहेको छ ।

### ४.३ पुँजीगत खर्च विवरण:

**तालिका नं. ७ अन्तिम तीन वर्षको पुँजीगत खर्च विवरण**

| सि.नं. | पँजीगत खर्च विवरण | आ.व. ०७९/८० | आ.व.०८०/८१ | आ.व.०८१/८२ |
|---|---|---|---|---|
| १. | मर्मत, निर्माण | ३५०००००।०० | ९००००।०० | |
| २. | पुस्तक खरिद | ९२०००।०० | | |
| ३. | फर्निचर खरिद | | १००००००।०० | |
| ४ | अतिरिक्त क्रियाकलाप | | | |
| | जम्मा रु. | ३५९२००० | १०९००००।०० | |

अघिल्ला दुई वर्षको तुलनामा गत आ.व.मा कोरोनाको कारण देशव्यापी बन्दाबन्दी पुजिगत खर्चमा उल्लेख्य कमी भएको देखिन्छ । चालु आ.व.मा समेत पुजिगत खर्चमा वृद्धि गरि क्याम्पसको शैक्ष्मिक तथा भौतिक विकासमा योगदान गर्न विभिन्न सहयोगी संस्थाहरुसंग सहयोग जुटाउन तथा वजेटको लक्ष्य प्राप्त गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

**४.४ आर्थिक प्रतिवेदनको पुनरावलोकन/गत आर्थिक वर्षको लेखा परीक्षणवाट प्राप्त सुझावहरु समाधान गर्न चालिएका कदमह**रुः

२०८१ श्रावण १ गतेदेखी २०८२ आषाढ मसान्तसम्मको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.१३२५१६००।३७ नगद प्रबाह भएको देखियो । अन्तिम लेखापरीक्षण प्रतिबेदनले पेश्की फर्छ्यौट गर्ने गराउने तर्फ व्यवस्थापन पक्षलाई ध्यानाकर्षण गरेका छ । अघिल्ला आर्थिक वर्षहरुको तुलनामा गत आ.व.मा आम्दानि वढेको छ भने खर्चमा समेतवृद्धि भएको देखिनछ । तर आयको तुलनामा खर्च कम हुन गएकाले वचतमा वृद्धि हुन गएको देखिन्छ । खर्चमा मितब्ययिता अपनाइएका कारण वचत वढन गएको छ । लेखापरीक्षणमा सुधारका लागि औंल्याइएका विषयहरुलाइ गत आ. व.मा सुधार गरिएको छ । जसअन्तर्गत गत आ. व.मा पेश्कीलई उल्लेख्य रुपमा कम गरिएको छ भने वेरुजुलाई सुन्यमा झारिएको छ ।

**५. सामाजिक प्रगतिः**

वि.स. २०६९/०३/३१ गते त्रि.वि. वाट सम्बन्धन प्राप्त गरेको यस जनज्ञानकुन्ज क्याम्पस जाजरकोट जिल्लाकै एकमात्र सर्वोच्च शैक्षिक संस्थाको रुपमा स्थापित भएको छ । हाल यस जनज्ञानकुन्ज क्याम्पस जाजरकोट ११ वर्षको कठिन र चुनौतिपूर्ण यात्रा पूरा गरिसकेको छ । यस ऐतिहासिक यात्रालाई उत्साहजनक र उपलब्धिमूलक नै मान्नुपर्ने हुन्छ । आर्थिक दृष्टीले आत्मनिर्भर बन्न ठूलै प्रयत्नमा छ । शैक्षिक विश्वास कायम गर्नु तथा गरणस्तरीय शिक्षा प्रदान गर्ने प्रयास गरिरहेको छ । तथापी यी प्रयासहरु मात्र प्रयाप्त छैनन । यसलाई पूर्णता दिने कार्य नै आजको आबश्यक्ता र चुनौति रहेको छ । गत आ.व. २०७९/०८० बाट स्नातकोत्तर तह, शिक्षाशास्त्र संकाय एम.एड.मा सम्बन्धन लिएर पठनपाठन भैरहेको छ ।

**५. सामाजिक कार्यमा क्याम्पसको सहभागिताः**

सामाजिक,आर्थिक तथा शैक्षिक रुपले पछाडि रहेको जिल्ला जाजरकोटमा अहिलेको आधुनिक समाजको निर्माणमा यस क्याम्पसको सहभागिता महत्वपूर्ण रहेको छ । वि.स. २०६९ सालमा यस क्याम्पसको स्थापना पश्चात उच्च शिक्षामा यस क्याम्पसले पुराएको योगदान अतुलनीय छ । जिल्लाको शैक्षिक स्तरलाई माथि उठ्ाउन,साक्षरताप्रतिशत बढाउन,रोजगारीका क्षेत्रहरु बढाउनपनि यो क्याम्पस कोसेढुंगा सावित भएको पाइन्छ । यस क्याम्पसले हालसम्म करिब ९९१ को सङ्ख्यामा उच्च शैक्षिक जनशक्तिहरु उत्पादन गरिसकेको छ भने उत्पादित जनशक्तिवाट राज्यका विभिन्न निकायहरुमा संलग्न भई राज्यलाई बिशेष योगदान पुराइरहेको पाइन्छ ।

क्याम्पसले विभिन्न खालका सामाजिक चुनौतिका बिषयहरुमा विद्यार्थीहरु मार्फत लघु अध्ययन,अनुसन्धानहरु सम्पन्न गरेको छ भने क्याम्पसले क्याम्पस वरिपरिका क्षेत्रहरुमा गरिने सरसफई,वृक्षारोपन जस्ता कार्यहरुमा समेत सहभागिता जनाएको पाइन्छ । साथै विभिन्न खेलकुदका प्रतियोगिताहरुमा पनि आफ्नो संलग्नता जनाएको छ ।

## ५.२ क्याम्पसको लागि समाजले गरेको योगदानः

शहरी इलाकामा मात्र अबस्थित रहेका आंगिक क्याम्पसहरुमा आफ्ना छोराछोरीलाई पढाउन नसकिने अवस्थालाई स्वीकार गरी गरिब तथा पिछडिएका समुदायमा समेत उच्च शिक्षाको पहुँच पुराउने उद्देश्यले देशको दुर्गम क्षेत्रमा क्याम्पस स्थापना गर्ने काममा चेतनशिल नागरिकहरु लागेको पाइन्छ । पव्लिक क्याम्पस स्थापना र सञ्चालनको कार्यमा जनसहभागिता जुटाउन विभिन्न व्यक्ति, संस्था, स्थानीय र सरकारी निकाय समेतको पहलमायस क्याम्पसलाई बचाउने अभियानमा विश्वविद्यालय अनुदान आयोगले पनि साथ दिन थाल्यो । जसले गर्दा समुदायमा उच्च शिक्षाको पहुँच विस्तार गर्न सहज भएको छ ।

क्याम्पसका अतीतका दिनहरु अति कठिनाइपूर्ण थिए भन्ने कुरा अग्रजहरुको अनुभव र क्याम्पसको वर्तमान अवस्थाले स्पष्ट चित्रण गर्दछ । अती कठिन दिनहरु हिम्मतका साथ पार गरी आजको अवस्थामा आइपुग्दा अग्रज शिक्षप्रेमीलाई धन्यवाद दिनैपर्ने हुन्छ । हिजो र आजमा अन्तर हुनु  स्वभाविक छ । आज सूचना प्रविधि र यातायातको सहज पहुँच विस्तार भइसकेको छ । तर हिजोका कठिनाइहरुलाई कल्पनासम्म पनि गर्न नसक्ने अवस्थामा पुगेको छ । हिजो यातायात र सञ्चार को कठिनाई,पढेलेखेका मानिसहरुको कमी,साधन स्रोतहरुको अभाव,स्थानीय निकायमा राज्यको लगानी नै नरहेको अवस्थामा उच्च शिक्षा अध्यन गर्ने शैक्षिक संस्थाको स्थापना गरी सञ्चालन गर्नु ज्यादै नै कठिनाइपूर्ण कार्य हुदाहुँदै पनि दुरदर्शी भविष्यद्रष्टा अग्रजहरुको सक्रियतामा क्याम्पस स्थापना हुनु सह्रानीय कार्य हो । यस महान सामाजिक कार्यलाई अझै शिखरमा पुराउनुनयाँ पिढिको दायित्व भएको छ ।

## ५.३ सामाजिक योगदानमा क्याम्पसको योजनाः

क्याम्पसले सामाजिक सहभागिता बढाउन आफ्नो भावि योजनाहरुमा विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने,शैक्षिक तथा स्वास्थ्य सम्वन्धि चेतनामूलक कार्यक्रमहरु गर्ने, विद्यालयका प्र.अ.हरुसगं गोष्ठी तथा अन्तरक्रिया गर्दै जाने,खानेपानी तथा सरसफाई सम्वन्धि कार्यक्रमहरु गर्ने,उच्च शैक्षिक संस्थाहरुको भ्रमण गर्ने रहेको छ ।

### ५.४ समाजको सहभागिता वढाउन क्याम्पसको योजनाः

समाजको सहभागिता वढाउन क्याम्पसले मा.वि. का प्र.अ.हरुसंग गोष्ठी तथा अर्न्तक्रिया गर्दै जाने,वार्षिकोत्सव कार्यक्रमलाई निरन्तरता दिने,अभिभावक भेला गर्ने,सार्वजनिक लेखापरीक्षण गराउने, सामुदायिक सचेतीकरण तथा सरसफाई अभियान सञ्चालन गर्ने,विद्याथीहरुलाई अनुसन्धान कार्यमा सक्रिय सहभागिता गराउने,विभिन्न खेलकुद तथा सांस्कृतिक कार्यक्रमहरु सञ्चालन गरिनेछ । यस्तै निकट भविष्यमा नै विभिन्न छात्रवृतिहरुको प्रभावकारी वितरण गर्ने क्याम्पसको योजना रहेको छ ।

### ६. दिर्घकालिन तथा अल्पकालिन समस्या र चुनौतिहरुः

अतीतका अनुभववाट शिक्षा लिदै वर्तमानलाई सुन्दर र सम्पन्न भविष्यको निर्माणमा सक्रियतापूर्वक संलग्न हुनुपर्ने चुनौतिहरु हाम्रा सामु विद्यमान छन् । अग्रजहरुको लगानी र मेहेनतका कारण विगतका ती अप्ठेरा दिनहरुलाई पछाडि धकेल्दै हामी वर्तमान अवस्थामा आइपुगेका छौ ।यो विरासतलाई कायम गर्दै अगाडि बढ्नु आजको आवश्यक्ता रहेको छ । वर्तमानका चुनौतिहरुलाई सामना गर्दै अवसरमा वदल्ने सामुहिक अठोटको पनि जरुरी छ। यो अठोट नै भोलिको अवसर हुनेछ । क्याम्पसमा देखिएका अल्पकालिन तथा दिर्घकालिन समस्या र चुनौतिहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ६.१ समस्याहरुः

१.सोचेजति विद्यार्थी भर्ना हुन नसक्नु,

२. सबै छात्रछत्राहरुलाई नियमित कक्षाकोठामा उपस्थिति गराउन नसक्नु,

३. कक्षा छोड्ने र दोहोराउने प्रवृत्ति वढ्नु,

४. विद्यार्थी फेल हुने समस्या रहनु,

५. शिक्षकको पेसागत विकासमा समस्या रहनु,

६. प्रभावकारी शिक्षण सिकाइको व्यवस्थापन हुन नसक्नु,

७. विद्यार्थी शिक्षक आचार संहिताको उलङ्घन हुनु,

८. आवश्यक मात्रामा पूर्णकालिन शिक्षक तथा कर्मचारीहरुको नियुक्ति गर्न नसक्नु,

९. व्यवसायिक तथा प्राविधिक विषयहरु सञ्चालन गर्न नसक्नु,

१०. शिक्षक तथा कर्मचारीहरुलाई पुनरताजकिय तालिमहरुको व्यवस्थनपन गर्न नसक्नु,

११. पुस्तकालयमा प्रायाप्त पुस्तकहरु नहुनु र पुस्तकालयलाई अत्याधुनिक बनाउन नसक्नु आदि।

### ६.२ समस्या समाधानका लागि चालिने उपायहरु र चुनौतिहरुको प्राप्तिः

१. प्रत्येक शैक्षिक सत्रका लागि विद्यार्थी भर्ना सम्वन्धि नीती निर्माण गरी विद्यार्थी भर्ना बृद्धि गर्नुपर्ने ।

२. प्रत्येक नयाँ शैक्षिक सत्रको शुरुमा नै पठन पाठन सम्वन्धि दैनिक कार्यतालिका बनाई कक्षा कोठा तोकिनुपर्ने।
३. क्याम्पसमा राम्रो काम गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कार दिन सञ्चालक समितिमा सिफारिस गरिनु पर्ने ।

४. पुस्तकालयमा आवश्यक सन्दंभ पुस्तकहरुको प्रयाप्त व्यवस्था गरिनु पर्ने ।

५. विद्यार्थीहरुका लागि अतिरिक्त क्रियाकलाप,मूल्याङ्कन र लागत परीक्षाको व्यवस्था गरिनुपर्ने ।

६. बढि भन्दा बढि विद्यार्थीहरुलाई हित हुने गरी छात्रवृति प्रदान गर्ने ।

७. क्याम्पसको पठनपाठनमा सहयोग पुग्ने खालका सेमिनार,गोष्ठी तथा प्रवचनहरु सञ्चालन गरिनुपर्ने ।

८. क्याम्पसको आर्थिक तथा भौतिक स्रोत विकासका लागि दान दातब्य र चन्दा संकलन गरिनुपर्ने ।

९. आचार संहिता उलंघन गर्ने वा पदीय दायित्व पालनानगर्ने शिक्षक तथा कर्मचारीसंग स्पष्टीकरण लिइनु पर्ने र उपयुक्त जवाफ नआएमा कारवाहि का लागि सञ्चालक समितिसमक्ष पेश गनुपर्ने ।

१०. क्याम्पसले बजेटस्वीकृत गरेर सिमाभित्र रही खर्च गरिनुपर्ने ।

११. शिक्षकहरुलाई थप अध्ययन गर्न र अनुसन्धान कार्यमा लाग्न प्रोत्साहन गरिनुपर्ने ।

१२. विद्यार्थीहरुको प्रयाक्टिकल अनुसन्धानमुखी बनाउन विषयगत शिक्षकहरुलाई आवश्यक तालिम तथा सुविधाको व्यवस्था मिलाइनु पर्ने ।

१३. क्याम्पसमा चिया नास्ताका लागि क्यान्टीनको ब्यव्स्थन गर्नुपर्ने,

१४.शिक्षक तथा कर्मचारीलाई अध्ययन विदा तथा आर्थिक सहुलियतको व्यवस्था गर्नुपर्ने ।

१४. नियमित विद्यार्थीहरुको हाजिरी तथा पचहत्तर प्रतिशत हाजिरी पुगेकालाई मात्र परीक्षामा सामेल गराउने निती गराउनुपर्ने ।

१५. क्याम्पसमा आवश्यक पर्ने शिक्षक तथा कर्मचारीहरुको छनौट शिघ्र गरिनुपर्ने ।

१६. क्याम्पसको प्रभावकारी शिक्षण सिकाइका लागि अनिवार्य रुपमा तालिम लिने व्यवस्था मिलाउने पर्ने ।

१७. क्याम्पसको आर्थिक अबस्था बलियो बनाउन पब्लिक क्याम्पसलाई दिइने आर्थिक सहुलियत बढाउनुपर्ने ।

१८. क्याम्पसको शैक्षिक गुणस्तर बढाउन नियमित पठनपाठन तथा शैक्षिक विधि प्रविधिको प्रयोग गरि कार्य सञ्चालनमा गनुपर्ने ।

१९. क्याम्पसको समग्र व्यवस्थापनलाई राजनैतिक दलवाट मुक्त गरिनुपर्ने ।

२० . लैंगिक विभेध अन्त्य गर्न महिला शशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनुपर्ने ।

२१. आर्थिक पारदर्शीता कायम गर्न सार्वजनिक लेखा परीक्षणको व्यवस्था गरिनुपर्ने ।

२२. क्याम्पस सञ्चालनमा देखिएका अनावश्यक वाधाहरुको पहिचान गरि त्यसको तुरुन्त निरुपन गरिनुपर्ने ।

२३. क्याम्पसमा देखिएका द्वन्द्वात्मक पक्षहरुलाई शीघ्र व्यवस्थापन गरिनुपर्ने ।

२४. क्याम्पसलाई विश्वविद्यालयमा आंगिक बनाउन पहल गरिनुपर्ने ।

२५. क्याम्पसको भौतिक व्यवस्थाको उच्चतम  विकास गरिनुपर्ने आदि।

**६.३ समस्या र चुनौतिहरुलाई संवोधन गर्न चालिने योजनाः**

- उच्च शिक्षामा गरीब,जेहेन्दार,दलित,जनजाति एवं महिलाको पहुँचलाई सुनिश्चितता प्रदान गर्ने कार्य योजना तयार गरी लागु गर्ने ।
- स्वदेश तथा विदेशका विश्वविद्यालयसंग समन्वय गरी अनुसन्धानात्मक कार्यलाई प्राथमिकता दिने ।
- उच्च तथा मध्यमतरको जनशक्ति उत्पादन गर्ने उद्देश्य राखी विविध विषयहरुलाई समेटी तालिम दिने व्यवस्था गर्ने ।
- शहरी क्षेत्रमा रहेको उच्च शिक्षामा भइरहेको प्रतिस्पर्धालाई सम्वोधन गर्न सर्वसुलभ मूल्यमा गुणात्मक शिक्षा प्रदान गर्न कार्ययोजनाहरु बनाउने ।
- भौतिक संरचना निर्माणका लागि विश्वविद्यालय अनुदान आयोग,सरकारी तथा गैरसरकारी क्षेत्रबाट आर्थिक सहयोग जुटाउने ।
- क्याम्पसलाई आर्थिक व्ययभार नपर्ने गरी शिक्षकहरुलाई एम.फिल.तथा पी.एच. डी. गर्न प्रोत्साहित गर्ने र सोका लागि छात्रवृति एवं विद्वतवृतिको व्यवस्था मिलाउने ।
- कर्मचारीहरुलाई तालिम तथा प्रशिक्षणको अवसर प्रदान गर्ने कर्मचारीहरुको प्रशासनिक क्षमता अभिवृद्धि गर्ने ।
- विषय अनुरुपका प्राध्यापकहरुको नियुक्ति गरिनुपर्ने ।
- व्यवसायिक र प्राविधिक विषयहरु थप गर्ने ।
- प्राध्यापक तथा कर्मचारीलाई विभिन्न सीपमूलक तथा आुसन्धानमूलक तालिमहरुको व्यवस्थापन गर्दै लैजाने ।
- पुस्तकालयमा प्रर्यात पुस्तकको व्यवस्था र उचित व्यवस्थापन गरि इ लाइव्रेरीमा रुपान्तरण गर्ने ।
- पर्याप्त शैक्षिक सामग्रीहरुको व्यवस्थापन गरि शिक्षण क्रियाकलापलाई अत्याधुनिक बनाउने ।

**<u>७. क्याम्पसको विश्वविद्यालय अनुदान आयोगसँगको सम्बन्ध</u>**

यस जनज्ञानकुञ्ज क्याम्पस ,दशेरा, जाजरकोट आ.व. २०७२/०७३ देखि विश्वविद्यालय अनुदान आयोगसंग आवश्यक प्रक्रिया पूरा गरि नियमित अनुदान प्रक्रियामा सहभागी भएको थियो । क्याम्पसको आर्थिक भौतिक,शैक्षिक सुधारमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको विश्वविद्यालय अनुदान आयोगले उपकरणमा एकपटक पटक गरी रु.७,५०,००० /- अनुदान प्राप्त भएको छ । त्यस्तै क्याम्पसको भौतिक विकास अन्तर्गत भवन निर्माणको लागि आ.व. २०७४/०७५ मा रु.२५,००,०००/-प्राप्त भएको थियो । भवन निर्माणकै क्रममा आ.व. २०७५/०७६ मा रु.२५०००००/- प्राप्त भएको थियो । आ.व. २०७६/०७७ मा ५०,००,००० /-विनियोजन भएकोमा उक्त रकमको लागतमा भवन निर्माण कार्य सुरु भइरहेको छ । नियमित अनुदानबाट प्राप्त रकमबाट प्रशासनिक र व्यवस्थापकीय कामहरु सम्पन्न हुने गरेका छन । गत आ.व. २०७७/०७८ मा यस क्याम्पसको लागि नियमिततर्फ रु.१२,७५,०००.०० र अतिरिक्त क्रियाकलाप का लागि पूर्वाधार विकास रु.१२,५०,०००.०० विनियोजन गरेको छ । यस बजेटबाट आवश्यक प्रक्रिया पुरा गरि कार्य सम्पन्न भएको छ । गत आ.व. २०७९/०८० मा यस क्याम्पसलाई नियमित अनुदानवापत १७५००००.०० (सत्र लाख पचास हजार ) र उपकरण खरिद अनुदानमा रु.१२०००००.०० (बाह्र लाख रुपैयाँ मात्र) विनियोजन गरेको छ । समतामा आधारित अनुदान बापत रु. ८०००००० (आठ लाख मात्र) विनियोजन गरेको छ । आ.व. २०८०/८१ मा यस क्याम्पसको लागि विश्वविद्यालय अनुदान आयोगले नियमित तर्फ रु. १८२४१०० (अठार लाख चौबीस हजार एक सय रुपैयाँ मात्र) र फर्निचर खरिदमा रु. १०००००० (दश लाख रुपैयाँ मात्र) विनियोजन गरेको छ ।

## वार्षिक कार्ययोजना तथा चालु आ.व.को अनुमानित आम्दानी र खर्च विश्लेषण तथा रणनीतिक योजनासंग आवद्धता:

क्याम्पसले वर्षभरि गर्ने कार्यहरुलाई संस्थाको दिर्घकालीन सोच लक्ष्य तथा उद्देश्यसंग एकाकार हुनेगरि वार्षिक कार्ययोजना वनएर लागु गर्ने प्रयासको थालनी गरेको छ । क्याम्पसलाई शैक्षिक गुणस्तरयुक्त र भौतिक स्रोत तथा साधन सम्पन्न वनाउन रणनीतिक योजनासंग कार्ययोजनालाई टाइ अप गरेर लैजाने आबश्यकतालाइ महसुस गरिएको छ ।

वार्षिक कार्ययोजना अन्तर्गत शैक्षिक विकासका कार्यहरुलाई विभिन्न क्रियाकालापमा विभाजन गरि समय, लागत, सञ्चालन अवधी, स्रोत साधनको व्यवस्थापन, जिम्मेवारी वाँडफाँड जस्ता बिषयहरुलाई समेटिएको छ । यसमा शैक्षिक योजना अन्तर्गत आधुनिक एवं व्यवस्थित शैक्षणिक क्रियाकलाप सञ्चालन र मर्यादित रुपमा वस्तनिष्ठ विद्यार्थी मूल्यांकन एवं नतिजा प्राप्ती गर्न उचिति भौतिक विकासलाइ प्राथमिकतामा राखिएको छ । साथै उल्लेखित समस्या तथा चुनौतिहरुलाई अल्पकालीन तथा दिर्घकालिन योजना संग आवद्ध गरि क्रमिकरुपमा सम्बोधन गर्ने कार्यको थालनि गरिएको छ ।

वार्षिक योजना तथा कार्यक्रमहरुलाई प्रभावकारीरुपमा सञ्चालन गर्न चालु आ.व.मा हुने आम्दानी तथा खर्चको अनुमान गरि आवस्यक स्रोत साधनको व्यवस्थापन सहित वजेट निर्माण गरि दिर्घकालीन रणनीतिक योजना

निर्माण तथा कार्यान्वयन गर्ने विषयको थालनी गरिएको छ । वार्षिक वजेटमा शैक्षिक विकासका साथै भौतिक विकासलाई प्राथमिकतामा राखि स्रोत स्रोत साधनको व्यवस्थान गरिएको छ ।  यसवाट पारदर्शीता, जवाफदेहिता, नियमितता र मितव्ययिता प्रवर्धन हुन पुगि संस्थाको अल्पकालीत तथा दिर्घकालीन लक्ष्य उद्देश्य हाँसिल गर्न सघाउ पुग्ने देखिन्छ । वार्षिक कार्ययोजना तथा वजेट निर्माण कार्यलाई व्यवस्थित एवं वैज्ञनिक वनाउन आवश्यक स्रोत साधन र जनशक्ति व्यास्थापनमा उचित ध्यान दिनुपर्ने आवश्यकता रहेको छ ।

अतः क्याम्पसलाई थप मजबुत बनाउनको निम्ति व्यवस्थित योजना, कार्यक्रम र स्रोत साधनको दिगो व्यवस्थापनमा  जोड दिनुपर्ने आवश्यकता रहेको छ । यसो हुन सकेमा मात्रआधुनिक र गुनस्तरिय शिक्षा प्रदान गरि सक्षम र दक्ष जनशक्ति उत्पादन गरि रोजगारीको अवसर सृजना हुन जानेछ ।

..............
धनबहादुर थापा

## समाप्त